"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर : पर्यटन, [illegible], शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्था. २०७३

☎ ०११६६१११८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या :-०७९/८०
च.नं.: 3306

मिति२०८०/०३/२४

श्री सरोकारवाला सबै

विषयः  स्वतःप्रकाशन गर्नु पर्ने विवरण प्रकाशन गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा सम्पूर्ण सार्वजनिक निकायले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम ३ अनुसार प्रत्येक ३/३ महिनामा सूचनाको हक सम्बन्धी प्रगति विवरण अद्यावधिक गरि स्वतःप्रकाशन गर्नु पर्ने व्यवस्था भएकोले यस लिसंखु पाखर गाउँपालिकाको आ.व. २०७९/८० को बैशाख देखि असार  मसान्त सम्मको विवरण अद्यावधिक गरि सार्वजनिक निकायमा पठाएको व्यहोरा अनुरोध छ।

.............................
मंगल बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
राष्ट्रिय सूचना आयोग, देविनगर, नयाबानेश्वर, काठमाडौं

# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ तथा नियमावली,२०६५ को नियम ३ बमोजिम स्वत:प्रकाशन गर्नुपर्ने विवरण

**(आ.व. २०७९/०८० को बैशाख देखि असार )**

## लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## अत्तरपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

नेपालको संबिधान,२०७२ भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गतको धारा २७ अनुसार प्रत्येक नागरिकले पाउनु पर्ने सूचनाको हक बमोजिम सूचना सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी निमावली,२०६४ को नियम(३) बमोजिम प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित पार्नु पर्ने कानूनी व्यवस्था छ। त्यसै अनुसार विवरण नियमित प्रकाशित गर्ने क्रममा यस लिसंखु पाखर गाउँपालिकाले चालु आ.व. २०७९/८० को बैशाख देखि असार मसान्त सम्मको विवरण हरु प्रस्तुत गरिएको छ।

# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# अत्तरपुर, सिन्धुपाल्चोक

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

१. गाउँपालिकाको प्रकृति र स्वरुप
२. गाउँपालिकाको काम कर्तव्य र अधिकार
३. गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण
४. गाउँपालिकाबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेका कामको विवरण
१०.सूचना अधिकारी र प्रमुखको नाम र पद
११.ऐन, नियम, विनियम विनियम वा निर्देशीकाको सूची
१२.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३.तोकिए वमोजिमका अन्य विवरण
१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण
१५. सार्वजनिक निकायको वेभासाईट भए सोको विवरण
१६.सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:
१७.सार्वजनिका निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण:
१८.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भए वा हुने गरेको भए सोको विवरण

प्रमुख प्रशासकीय अधिकृत

## १) गाउँपालिकाको स्वरुप र प्रकृति:

लिसंखु पाखर गाउँपालिका प्रदेश नं ३ को सिन्धुपाल्चोक जिल्लामा पर्दछ । यस गाउँपालिकाको कुल क्षेत्रफल ९८.६१ वर्ग कि. मि. रहेको छ । यो गाउँपालिका साबिकका ६ वटा गा. बि. स. हरु ठूलोधादिङ, लिसंखु, अत्तरपुर, जेठल, पेट्कु र ठूलोपाखर मिलेर बनेको छ। हाल लिसंखु पाखर गाउँपालिकामा ७ वटा वडा रहेका छन ।यस लिसंखु पाखर गाउँपालिकामा मुख्य बसोबास तामाङ जातिको रहेको छ भने अन्य जातजाति हरु, नेवार, ब्राह्मण, क्षेत्री,दलित, ठकुरि समेत रहेको पाईन्छ।यस पालिकामा प्रयोग गरिने भाषाहरु मुख्यत, तामाङ,नेपाली,नेवारी, गुरुङ, मगर, नेवार आदि हुन।

**वडागत जनसंख्या तथा घरधुरीसंख्या:**

<u>तपशिल</u>

| क्र. सं. | वडा संख्या(सा.वि.क.को) | जनसंख्या | पुरुष | महिला | घरधुरी |
|---|---|---|---|---|---|
| १ | १ ठूलो-धादिङ | १४४७ | ७०० | ७४७ | ५८५ |
| २ | २ र ३ लिसंखु | २५४७ | १२३४ | १३१३ | १०३४ |
| ३ | ४ अत्तरपुर | १५७२ | ७५८ | ८१४ | ५७७ |
| ४ | ५ जेठल | २३४७ | ११६८ | ११७९ | ८५९ |
| ५ | ६ पेट्कु | १२३० | ५८९ | ६४१ | ३९२ |
| ६ | ७ ठूलो पाखर | २६०७ | १२५७ | १३५० | ७०८ |
| | जम्मा | ११७५० | ५११७ | ६०४४ | ४१५५ |

नोट: लिसंखु पाखर गाउँपालिकाको ई-भिलेज बाट लिईएको डाटामा आधारित जनसंख्या तथा घरधुरी संख्या



मंगल बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

## २) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:

लिसंखु पाखर गाउँपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूचि-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संञ्चालन ऐन,२०७४,संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु जारी हुने परिपत्रहरु एवं गाउँपालिकाको स्थानीय कानून,ऐन,नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र निर्णयहरुले तोके बमोजिमको काम,कर्तव्य र अधिकार अनुसार हुनेछ ।

## ३) गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्यविवरण:

लिसंखु पाखर गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका कामकाजमा खटिएका कर्मचारीहरुको संख्या,सेवा, समूह, तह समेत विस्तृत विवरण र गाउँपालिकाको वेवसाईटमा https://lisankhupakharmun.gov.np/staff समेत हेर्न सकिने छ।

## ४) गाउँपालिकाबाट प्रदान गरिने सेवा:

नेपालको संविधान,२०७२ ,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ,संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं गाउँपालिकाको स्थानीय कानून,ऐन, नियमावली, निर्देशिका, मापढण्ड,निर्णयहरु तथा लिसंखु पाखर गाउँपालिकाको अधिनमा रही स्थानीय सरकारका रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ। साथैसम्पुर्ण सेवाहरुको विवरण लिसंखु पाखर गाउँपालिकाको नागरिकवडा पत्रमा उल्लेख गरिएको छ।

## ५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकार

लिसंखु पाखर गाउँपालिकाबाट सेवा सुविधा प्रवाह गर्न गाउँपालिकाको कार्यालय भित्रका शाखाहरु,७ वटा वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, पशु सेवा कार्यालयहरु तथा अन्य कार्यालय रहेका छन। गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी,प्रवक्ता, गुनसो सुन्ने अधिकारी, शाखा प्रमुखहरु तथा जिम्मेवार पदमा रहेका कार्यरत

अधिकारीको विवरण लिसंखु पाखर गाउँपालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np मा समेत हेर्न सकिने छ।

| क्र.सं | शाखा | शाखा प्रमुखको नाम | पद |
|---|---|---|---|
| १ | प्रशासन शाखा | मंगल बहादुर बिष्ट | रा.प. तृतिय |
| २ | आर्थिक प्रशासन शाखा | महेश राना मगर | अधिकृत सातौं |
| ३ | पूर्वाधार तथा भवन नियमन शाखा | कपिल श्रेष्ठ | अधिकृत छैटौं |
| ४ | महिला तथा बालबालिका शाखा | नानीमैया बस्नेत | अधिकृत छैटौं |
| ५ | पशुसेवा शाखा | राम कुमार तामाङ | अधिकृत छैटौं |
| ६ | रोजगार सेवा केन्द्र | प्रेम बहादुर योञ्जन | अधिकृत छैटौं |
| ७ | सूचना प्रविधि शाखा | पंख थापा | अधिकृत छैटौं |
| ८ | जिन्सि शाखा | सन्देश सापकोटा | सहायक पाचौं |
| ९ | आ.ले.प तथा समपरीक्षण शाखा | सुशील पुरी | सहायक पाचौं |
| १० | स्वास्थ्य शाखा | राजु बस्नेत | सि.अ.हे.व |
| ११ | शिक्षा तथा खेलकुद विकास शाखा | एलिना खत्री | प्रा.स. |
| १२ | सहकारी शाखा | दिप बहादुर अधिकारी | सहायक पाचौं |
| १३ | राष्ट्रिय परिचयपत्र तथा पंञ्जिकरण शाखा | कृष्ण योन्जन | MIS operator |
| १४ | कृषि शाखा | सन्तोष नेपाल | सहायक पाचौं |

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कुनै कार्यमा लाग्ने दस्तुर तथा विभिन्न प्रकारका सेवाहरुको विवरण लिसंखु पाखर गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ। यस सम्बन्धी व्यवस्था लिसंखु पाखर गाउँपालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np/act-law-directives वा लिसंखु पाखर गाउँपालिकाको आर्थिक ऐन,२०८० मा समेत हेर्न सकिने छ। हेर्न सकिने छ।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस गाउँपालिकाको गाउँसभा, कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र समय समयमा हुने निर्णयहरुको अधिनमा रहि अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका लागि गाउँसभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यविवरण बाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँसभा र कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, उपशाखा बाट हुने गरेको छ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस गाउँपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाले पालिका स्तरमा निम्न गुनासो सुन्ने अधिकारी व्यवस्था गरिएको छ।

पदः गुनासो सुन्ने अधिकारी

नामः नानीमैया बस्नेत

सम्पर्क नं. : ९८५१०५१८७८

## ९) सम्पादन गरेको कामको विवरण:

यस गाउँपालिकाले नेपालको संविधान,२०७२, स्थानीय सरकार सञ्चालन ऐन,२०७४,संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिमको स्थानीय सरकारका रुपमा गाउँपालिकाले गर्न सक्ने सम्पुर्ण काम कारबाहीहरु गर्दै आएको छ ।

## १०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

**कार्यालय प्रमुखको नामः मंगल बहादुर बिष्ट**

पदः प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कः९८२३२१७७०७

ईमेलः caolprm@gmail.com

**सूचना अधिकारीको नामः पंख थापा**

पदः सूचना प्रविधि अधिकृत

सम्पर्कः ९८६४९२९६२१

**ईमेलः** itolisankhupakharmun4@gmail.com

## ११) ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डको सूची:

लिसंखु पाखर गाउँपालिकाले नेपालको संविधान, २०७२ को अनुसूची-८ को सूची नं. ९ र १० को अधिकारहरुलाई कार्यन्वयन गर्न तथा स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम लिसंखु पाखर गाउँसभाले ऐन बनाएको छ।

मिति २०८०/०३/२४ सम्म बनेका ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिकाहरुको संक्षिप्त जानकारी साथै विस्तत जानकारीको लागि लिसंखु पाखर गाउँपालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np/act-law-directives मा समेत उल्लेख गरिएको छ ।

## तपशिल

| क्र.सं. | विवरण | संख्या, | | | जम्मा |
|---|---|---|---|---|---|
| | | राजपत्र प्रकाशित | प्रकाशनमा पठाईएको | प्रकाशन हुन बाँकी | |
| १ | ऐन | १२ | ११ | ९ | ३२ |
| २ | नियमावली | ४ | १ | ० | ५ |
| ३ | कार्यविधि | ६ | १० | १६ | ३२ |
| ४ | मापढण्ड | ० | १ | ४ | ५ |
| ५ | निर्देशिका | १ | ४ | ६ | ११ |
| | जम्मा | २३ | २७ | ३५ | ८५ |

## १२) आम्दानी, खर्च, तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

यस गाउँपालिकाले आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु:

**आ.व. २०७९/८० को आय र व्यय विवरण**

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

# आ.व. २०७९/८० को आय व्यव विवरण

| नेपाल सरकार | प्रस्तावित आय | वास्तविक आय | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| | | | शिर्षक | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
| संघिय सरकार | ३१,७०,८३,००० | २९६२८६५०० | चालु | ३९८५,९८,१३७१ ८ | ३३,३६,४७,५२३८८ | ८३७१ |
| समानीकरण अनुदान | ११,५५,००००० | १०१०६२५०० | पुँजिगत | १९,३६,९८,८०५ | १५,९३,४०,४१८·५३ | ८२·२६ |
| ससर्त अनुदान चालु | १८,१०,८३,००० | १७,४७,२४,००० | | | | |
| ससर्त अनुदान पुँजिगत | ८०,००,००० | ८०,००,००० | | | | |
| विषेस अनुदान चालु | ५०,००,००० | ५०,००,००० | | | | |
| विषेस अनुदान पुँजिगत | ५०,००,००० | ५०,००,००० | | | | |
| समपुरक अनुदान पुँजिगत | २,५००,००० | २,५००,००० | | | | |
| **प्रदेश सरकार** | **४,८४,८९,०००** | **४,८४,८९,०००** | | | | |
| समानीकरण अनुदान | १,०८,४३,००० | १,०८,४३,००० | | | | |
| ससर्त अनुदान चालु | २,०१,४६,००० | २,०१,४६,००० | | | | |
| विषेस अनुदान चालु | ७,५००,००० | ७,५००,००० | | | | |
| समपुरक अनुदान चालु | १,००,००,००० | १,००,००,००० | | | | |
| **राजस्व बाडफाड** | **८८८,६५,०००** | **५,८९,४२,८८७९३** | | | | |
| बाडफाँड भइ प्राप्त हुने सवारी साधन कर | १,९६,६२,००० | १,७९,१२,४२८·४६ | | | | |
| **आन्तरिक स्रोत** | **१३,७८,५९९४१८** | **१७,१०,२९,९०२·७८** | | | | |
| बैकं मौज्जात | ११,८२,६३,२५५१८ | **१५,६०,०२,६२२·३०** | | | | |
| **जम्मा** | **५९२२९६९४२१८** | **४९२९८७९४२·४** | जम्मा | **५९२२९६९४२१८** | **४९२९८७९४२·४** | **८३·७१** |

## क्षेत्रगत बजेट तथा खर्च

| क.स. | विषयगत क्षेत्र | विनियोजित | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ६,१६,२०,०००·०० | ४,३१,१२,२६०५२ | ६९·९५ |
| २ | पूर्वाधार विकास क्षेत्र | १२,७८,७८,८९०·०० | १०,८७,४१,१००·४३ | ८५·७३ |
| ३ | सामाजिक विकास क्षेत्र | २२,२६,३२९१५·०० | १९,७२,२६,१४२२० | ८८·५९ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ६,४४,२५,०००·०० | ६,०८,०९,६६०·६२ | ९४·३९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक क्षेत्र | ११,५८,४०,१३७१८ | ८,३३,२६,७३८·०३ | ७१·९३ |
| | कुल जम्मा | ५९,२३,९६,९४२१८ | ४९,३२,१५,९०१·८० | ८३·२५ |

### १३) तोकिए बमोजिमको अन्य विवरण:

यस लिसंखु पाखर गाउँपालिकाले नियमनुसार तोकिएका अन्य विवरण पालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np मा राख्ने गरेको छ।

### १४) अघिल्लो वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:

यस गाउँपालिकाले हरेक वर्षका गाउँसभा बाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका गाउँपालिकाको क्षेत्रअधिकार संघ सम्बन्धीत कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

**१५) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण:**

गाउँपालिकाको सम्बन्धीत विवरणहरु, सूचनाहरु एवं बिभिन्न जानकारी तथा सूचनाहरुका लागी लिसंखु पाखर गाउँपालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np मा रहेको छ।

**१६)सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व. २०७९/०८० को बजेट नीति तथा कार्यक्रमहरु लिसंखु पाखर गाउँपालिकाको वेभसाईट https://lisankhupakharmun.gov.np मा राख्ने गरिएको छ।

**१७) सार्वजनिका निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण:**

नेपालको संविधान,२०७२ को धारा २७ मा उल्लेखित सूचनाको हक सम्बन्धी ऐन, अनुसार प्रत्येक नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाल व्याक्तिहरुले गाउँपालिका संग माग गरेका सूचना नियमनुसार उपलब्ध गराउने गरिएको छ।

साथै, यस आ.व. २०७९/८० को असार मसान्त सम्ममा यस लिसंखु पाखर गाउँपालिकाको कार्यालयमा , माग भएका सूचना हरु जम्मा १० वटा थियो। सम्पुर्ण सूचना हरु उपलब्ध गराएको जानकारी गर्दछु।

**१८) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भएसोको विवरण:**

लिसंखु पाखर गाउँपालिकाको सूचनाहरु अन्यत्र प्रकाशन हुने गरेका छैन्न।

मंगल बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत